नचासल्यान गाउपालिका

Nechasalyan Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

## Office of the Rural Municipal Executive

नेचाबेत्याली, सोलुखुम्बु

Nechabetyali, Solukhumbu

फोन नं ०३८ ४१२२७७
Email : nechasalyan345@gmail.com
ADM Sec/81-82/Koshi

कोशी प्रदेश, नेपाल

प.सं. २०८१/०८२

च.नं. :

## तह बृद्धिको लागि निबेदन पेश गर्ने सम्बन्धी सूचना ।

प्रकाशित मिति-२०८२/०२/३०

प्रस्तुत बिषयमा नेचासल्यान गाउपालिका र अन्तर्गतका कार्यालयहरुमा कार्यरत स्थायि कर्मचारीहरुको तह बृद्धिको लागि स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ४ को उपदफा ५ र दफा २७ अनुसार योग्यता पुगेका कर्मचारीहरुले यो सूचना प्रकाशन भएको मितिले ३० तिस दिन भित्र तहबृद्धिका लागी नेचासल्यान गाउपालिकाको तह बृद्धि सम्बन्धि कार्यविधि, २०८१ को अनुसुचि–१ बमोजिमको ढाँचामा यस कार्यालमा निवेदन पेश गर्नुहुन ऐ. कार्यविधिको दफा ३ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

क. पछिल्लो तीन वर्षमा कार्यसम्पादन मूल्याङ्कन फाराम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन,

ख. सेवा अवधि पुष्टि गर्ने नियुक्ति/तह कायम/बढुवा नियुक्तिको प्रतिलिपि,

ग. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,

घ. स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि,

ङ. पेशा सम्बन्धी व्यावसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि, (आवश्यक हुनेको हकमा मात्र)

च. विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,

छ. कार्यविधिको दफा (५) वमोजिमको तह वृद्धि सिफारिस समितिले मागेका अन्य कागजातहरु।

टंकनाथ घिमिरे

प्रमुख प्रशासकीय अधिकृत

टंकनाथ घिमिरे

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची- १

कार्यविधिको दफा ४ सँग सम्बन्धित

**तह वृद्धिको लागि दिइने निवेदनको ढाँचा**

मितिः ...........

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
नेचासल्यान गाउँ कार्यपालिकाको कार्यालय, नेचाबेतघारी, सोलुखुम्बु ।

**विषयः- तह वृद्धि गरी पाउँ।**

प्रस्तुत विषयमा यस कार्यालयको तह वृद्धि सम्बन्धी मिति ....................गते प्रकाशित सूचना अनुसार हाल म तपशिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिमको पदमा तह वृद्धि हुन योग्य रहेको हुँदा तपशिल बमोजिमको कागजात सहित यो निवेदन पेश गर्दछु।

**निवेदनका साथ पेश गरेका कागजातहरु**

क. पछिल्लो तीन वर्षमा कार्यसम्पादन मूल्याङ्कन फाराम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन,

ख. सेवा अवधि पुष्टि गर्ने नियुक्ति/तह कायम/बढुवा नियुक्तिको प्रतिलिपि,

ग. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,

घ. स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि,

ङ. पेशा सम्बन्धी व्यावसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि, (आवश्यक हुनेको हकमा मात्र)

च. विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,

छ. कार्यविधिको दफा ५ बमोजिमको तह वृद्धि सिफारिस समितिले मागेका अन्य कागजातहरु।

निवेदक

कर्मचारीको नाम/थरः- ..............................................

संकेत नं.:- ...............................................

समायोजन मितिः- ..........................................

हालको पद र तहः- ..........................................

समुहः- ...............................................................

टंकनाथ घिमिरे
प्रमुख प्रशासकीय अधिकृत